# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

केन्द्रीय कार्यालय

सिंहदरवार प्लाजा,काठमाडौं

मिति ०७१ ।९।२०

# प्रेस विज्ञप्ति

## राष्ट्रिय वाणिज्य बैंक लि.स्वर्ण जयन्ती वर्ष २०७१

## र सुधारको कार्यक्रम

वि.सं २०२२ साल माघ १० गते स्थापित राष्ट्रिय वाणिज्य बैंक आगामी माघ १० गते सवल वित्तिय स्वास्थ्य र ग्राहकमुखी पहिचानसहित सेवाको स्वर्ण वर्षमा प्रवेश गर्दैछ । नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित यो बैंक केही वर्षअघि खुद सम्पत्ति २३ अर्ब र पुंजी पर्याप्तता अनुपात ३३ प्रतिशतले दुवै नकारात्मक रही निकै संकटग्रस्त अवस्थामा पुगेको थियो । यस बैंकमा वि.सं. २०५९ साल माघ २ गतेबाट वित्तीय सुधार अन्तर्गत करार व्यवस्थापन आरम्भ भएपछि बैंक सुधारोन्मुख मार्गमा अग्रसर भएको हो । बैंक व्यवस्थापनका प्रयत्नहरुको फलस्वरुप बैंकले पुंजी आधार, भाखा नाघेको कर्जा असुली ,कारोवार, मुनाफा लगायतका समष्टिगत वित्तिय परिसूचक , ख्याती, मानव संशाधन आकार,श्रम सम्वन्ध ,ग्राहक सेवाजस्ता गैर वित्तिय परिसूचक सबैमा आमूल सुधार हासिल गरेको छ ।

हाल बैंकको कुल सम्पत्ति रु १२९ अर्ब ,निक्षेप १०७ अर्ब र कर्जा ६३ अर्ब पुगेको छ ,जुन नेपालको बैकिंग बजारमा अग्रणी मानिन्छ । बैकको पुजी रु १ अर्ब १७ करोड बाट बृद्धि भई ८ अर्ब ५८ करोड पुगेको छ भने बैकको नेट वर्थ २३ अर्ब ऋणात्मकबाट ६ अर्ब धनात्मक भएको छ । यस्तै पुंजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकले तोके बमोजिम १०.०५ प्रतिशत पुगेको छ भने बैंकको भाखा नाघेको कुल कर्जाअनुपात विगतको ६० प्रतिशतबाट घटेर ४ प्रतिशतभन्दा तल रहेको छ । विगत ६ वर्षदेखि क्रमिक रुपमा मुनाफा आर्जन गर्दै गत आ.व. मा रु १ अर्ब ७५ करोडको हाराहारीमा मुनाफा आर्जन गरेको छ। देशका ६७ जिल्लामा १५८ वटा शाखा कार्यालय, २८ ब्रान्चलेस बैकिंग,८० वटा एटिएम सेवाविन्दु (आउटलेट ) सहित २० लाख भन्दा बढी ग्राहकलाई सेवा पुरयाइरहेको छ । सबै शाखा कार्यालयहरु पूर्ण रुपमा यान्त्रिकरण भएकोले बैंकको कारोवार कुनै पनि शाखा मार्फत गर्न सकिने बैकिंगसेवा (एविविएस ) उपलव्ध गराएको छ। ग्रामीण क्षेत्रमा शाखा संजाल बढी रहेको यस बैंकद्वारा प्रवाहित सेवाबाट ग्रामीण जनता बढी लाभान्वित भएका छन् । यस्तै करिव ६००० को संख्यामा रहेका मानव संशाधनको आकारलाई घटाइ हाल २६०० को हाराहारीमा ल्याई कर्मचारी उत्पादकत्व बढाउन सफल यो बैंक नेपालको बैकिंग बजारमै सुमधुर श्रम सम्वन्ध रहेको बैंकको पहिचान बनाउन सफल भएको छ ।

इतिहासका कठिन मोडहरु पार गर्दै स्वर्ण वर्षमा प्रवेश गरेको यो बैंक नेपालको बैकिंग बजारमा दिगो ,विश्वसनीय ,सहज तथा आधुनिक सेवा दिने ग्राहकमुखी, ग्रामीणमुखी,व्यावसायिक बैंकको छवि बनाउन सफल भएको छ। निश्चय पनि ५० वर्षको लामो कालखण्डमा यस बैंकले भोगेका अनुभव र आर्जन गरेका ज्ञानहरु प्रेरणादायी र शिक्षाप्रद रहेका छन् । बैंकले हासिल गरेका यी अमूल्य अनुभव र शिक्षाको जगेर्ना गर्दै बैंकको छवि अरु समुज्ज्वल बनाउन तथा वैकलाई अरु गतिशील वनाउन ' स्वर्ण जयन्ती वर्षको अवसरलाई समेत प्रयोग गरी निम्न बमोजिमको सुधार कार्यक्रम ल्याइएको सहर्ष जानकारी गराइन्छ ।

**१ ) बैंकको पूंजी संरचनामा सर्वसाधारणको सहभागिता**

बैंकको पुंजी पर्याप्तता पूरा भैसकेको र नेपाल सरकारबाट प्राप्त हुनुपर्ने पूंजी श्रोत प्राप्त भइसकेको अवस्थामा बैंक तथा वित्तिय संस्था ऐन २०६३ अनुसार ३० प्रतिशत शेयर सर्वसाधारणमा जारी गर्नु पर्ने

प्रावधानअनुरुप यसमा जानको लागि केन्द्रीय वैकको निरीक्षण प्रतिवेदनले पनि वारम्वार निर्देशन गरकोले यसको स्वीकृतिको लागि नेपाल सरकारलाई अनुरोध गरिसकिएको छ । सो स्वीकृति आएपश्चात यस आ.व. भित्र उक्त कार्य सम्पन्न गरिने छ । यसबाट बैंकको स्वामित्व /पूंजी संरचनामा परिवर्तन भई पूंजी आधार अरु सवल हुने र सर्वसाधारण नेपाली जनताको सहभागिताबाट बैंकले थप उचाइ हासिल गर्ने विश्वास लिइएको छ ।

२ ) **कर्जा असुली विशेषः योजना**

बैंकको भाखा नाघेको, अपलेखन गरेको कर्जा र गैह्र बैकिंगमा परिणत भएका कर्जाहरु राफसाफ गरी बैंकलाई पूर्ण स्वस्थ बनाउन विशेषः कार्ययोजना ल्याउनुको साथै कमजोर र अप्ठ्यारो अवस्थामा रहेका असूल हुन वाकी धेरै पुराना कर्जालाई पनि सम्वोधन गर्न सक्ने गरी भरखरै नयाँ कर्जा असूली कार्यविधि लागू गरिएको छ । यस अन्तरगत ५० हजारसम्म सांवा हुनेले सांवामात्र बुझाए बाकी सबै ब्याज मिनाहा दिने व्यवस्था गरिएको छ । यस्तै रहि रु ५० हजारदेखि रु १ लाख सम्म सांवा हुनेले सांवा र १० प्रतिशत व्याज गर्दै रु १ करोड सम्मको कर्जा हुनेले सांवा र सांवा बरावरको व्याज बुझाएमा बांकी सबै व्याज मिनाहा दिने कार्ययोजना कार्यान्वयनमा ल्याइसकिएएको छ । सानो कर्जा असुलीमा सजिलो होस भनेर १ करोडसम्म व्याज मिनाहा दिने अधिकार स्थानीय शाखा कार्यालय र क्षेत्रीय कार्यालयलाई प्रत्यायोजन गरिएको छ । यस्तै १ करोड भन्दा माथिका सबै कर्जा फर्छ्योट गर्न संचालक समिति स्तरीय कर्जा असुली समिति गठन गरिएको छ । यो समितिले ठूला ऋणीहरुसंग सम्पर्क गरी पुरानो कर्जा फर्छ्योट गर्ने रणनीतिहरु बनाई कर्जा असुल उपर गरिने छ । यो व्यवस्थाबाट बैंकको पुरानो कर्जा असुलीमा प्रभावकारिता आइ नाफादायकता बढी हुने अपेक्षा गरिएको छ । वि.सं. २०७१ असार मसान्तसम्म भाखा नाघेको कर्जालाई कुनै न कुनै रुपमा टुङ्गोमा पुरयाउने लक्ष्य राखिएको छ साथै स्वर्ण जयन्ती बर्ष भरिमा भाखा नाघेको ३ अर्ब कर्जा असुल गरिने छ ।

३) **कर्जा लगानीमा उल्लेख्य वृध्दि गर्ने र उच्च तरलता प्रशोचन गर्ने**

क ) बैंकको कर्जा लगानी अनुपात ६१ प्रतिशत छ जुन तुलनात्मक रुपमा कम छ । मुद्रा बजारबाट राम्रो प्रतिफल प्राप्त नभईरहेको वर्तमान अवस्थामा कर्जा लगानी बृध्दि गर्नु अपरिहार्य भएको छ । कर्जा लगानीलाई चुस्त बनाइ सरल र सहज पहुंचमा वृध्दि गर्न शाखा कार्यालय देखि व्यवस्थापन तह सम्मको कर्जा स्वीकृत गर्ने अख्तियारीमा उल्लेख्य वृध्दि गरिएको छ , यस निम्ति शाखा कार्यालयबाट स्वीकृत हुने कर्जा **६ कार्य दिनभित्र** स्वीकृत गर्ने, सबै तहबाट स्वीकृत हुने कर्जा **फाईल ट्रयाकिंग प्रणाली** ( File Tracking System ) लागू गरि कर्जाहरुको लगानी प्रकृयालाई पारदर्शी बनाउने छ । यसबाट स्वर्ण जयन्ती बर्षमा करिब १५ अर्बले कर्जा बृद्धि गरिने छ ।

ख ) यस्तै ठूला र संस्थागत ग्राहकलाई विशिष्ठ सेवा प्रदान गर्न केन्द्रीय कार्यालय भवनमा सुविधा सम्पन्न **कर्पोरेट शाखा** खाल्ने कार्ययोजना रहेको छ ।

ग) कृषि कर्जा सहुलियत व्याजदरमा सरल र सहज पहुंच पुरयाउने नेपाल सरकारको घोषित कार्यक्रमलाई सहयोग पुरयाउन यो वर्ष कृषि कर्जामा ९ प्रतिशत व्याजदर कायम गरिएकोमा यसमा नेपाल सरकारबाट प्राप्त हुने ४ प्रतिशत अनुदान कटाउंदा **कृषकले ५ प्रतिशतमै कृषि कर्जा प्राप्त गर्न सक्ने व्यवस्था** मिलाइएको छ ।

घ) बैंकको स्वर्ण जयन्ती वर्षको अवसरमा आफनो व्यावसायिक दक्षता मार्फत राष्ट्र सेवामा समर्पित डाक्टर ,इन्जिनियर,कानुन व्यवसायी ,बैंकर ,चार्टड् एकाउन्टेन्ट ,प्राध्यापक लगायतका विशष्ट पेशाकर्मीहरुलाई उपयुक्त हुने गरी सरल दरमा कर्जा उपलब्ध गराउन **व्यावसायिक कर्जा ( Professional Loan ) को व्यवस्था** गरिने छ । यस्तै सेवा निवृत्त राष्ट्र सेवकहरुको कर्जा मागलाई पूर्ति गर्न **निवृत्त राष्ट्र सेवक कर्जा योजना लागू गरिने छ** । शिक्षक र राष्ट्र सेवक कर्मचारीलाई हाल दिंदै आएको **राष्ट्र सेवक कर्जा** र **शिक्षक कर्जामा** १ प्रतिशत व्याजदर कम गरिने छ ।

ङ) बैंकको विद्यमान कर्जा प्रणालीमा समयसापेक्ष सुधार गरी सरल बनाईनुका साथै प्रवाहित कर्जाको स्वस्थता ,सदुपयोगिताको सुनिश्चितता निम्ति छुट्टै **कर्जा अनुगमन विभाग** तथा क्षेत्रीय कार्यालयहरुमा यस्तो इकाइ स्थापना गरिने छ ।

च ) कर्जा लगायत बैंकको समग्र जोखीम व्यवस्थापन गर्न **जोखिम व्यवस्थापन विभाग** लाई कार्यान्वयनमा ल्याईने छ ।

४) **शाखा पुनस्थापना / कार्यक्षेत्र विस्तार** २०७२ आषाढ मसान्तसम्म शाखा स्थापना वा शाखा रहित बैंकिङ्ग आदिको माध्यमबाट विगतमा शाखा रहेका सबै स्थानमा बैंकको सेवा उपलब्ध गराउने छ । विकासलाई सहज र सहयोग गर्ने नीति अनुरुप विगतको द्वन्दकालमा विस्थापित शाखा कार्यालयहरु क्रमिक रुपमा पून:स्थापना गर्दै जाने नीति लिइने छ । विकासलाई सहयोग पूर्‍याउने उद्देश्यले ब्यवशायिक दृष्टि`कोणले संभाब्य स्थानहरुमा नयां शाखा स्थापना गरिने । बैंकिंग व्यवसायको दृष्टिले संभाव्य देखिएका अन्य स्थानमा नयां शाखा कार्यालय स्थापना गरि बैकिंग कार्यजालो विस्तार गरिने छ ।

**५ ) विद्यार्थी लक्षित सेवा**

भविष्यको आशा केन्द्रको रुपमा रहेका विद्यार्थीलाई लक्षित गरि शून्य मौज्दातमा वचत खाता र एटिएम, SMS, ebanking, mobile banking जस्ता निशुल्क रुपमा उपलब्ध गराईने छ । २६ वर्षसम्मका विद्यार्थीलाई उपलब्ध गराईने यस सेवाबाट वित्तिय कारोवारमा यस वर्गको समावेशिता बढ्ने तथा वचत लगायत बैकिंग आदतको विकास हुने अपेक्षा लिइएको छ ।

**६) बैकिंग सेवालाई चुस्त ,स्तरीय र ग्राहकमैत्री बनाईने**

बैकिंग सेवालाई छिटो छरितो र ग्राहकमैत्री बनाउन **टेलरसिष्टमलाई** प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, इलेक्ट्रोनिक बैकिंग सेवा विस्तार गरी मोवाईल चार्ज गर्ने,फण्ड ट्रान्सफर गर्ने,चेक बुक अनुरोध,व्यालेन्स जानकारी , विद्युत, पानी, टेलिफोन,महसूलजस्ता उपयोग सेवाको शुल्क मोवाइलबाटै तिर्न सकिने व्यवस्था कार्यान्वयनमा ल्याईने छ । यो आर्थिक वर्षलाई **ई बैकिंग वर्षको रुपमा** मनाई हालको इ बैकिंग कारोवार लाई ३० प्रतिशतबाट ५० प्रतिशत पुरयाईने छ । ग्राहकलाई वित्तीय कारोवारमा सुरक्षाको प्रत्याभूति दिन **ग्राहक संरक्षण सिध्दान्त** ( Customer Protection Principle )अनुशरण गरिनुका साथै बैंकद्वारा प्रवाहित हुने सेवाको स्तरोन्नति गर्न अनुसन्धान इकाईहरु गठन गरिने छ ।

**७ ) लघु वित्त तथा दुर्घटना वीमा सेवा**

विपन्न वर्गको आर्थिक उत्थान निम्ति उनीहरुमाझ कर्जाको पहुंच विस्तार गर्न सरल एवं सुलभ तरिकाबाट कर्जा प्रवाह गर्ने व्यवस्था मिलाईएको छ । यस अन्तरगत जाने २ लाख सम्मको विपन्न वर्ग कर्जा ८ प्रतिशत व्याजदरमा ५ कार्यदिनभित्रै उपलब्ध गराईने छ । साथै यसरी विपन्न वर्गमा कर्जा लिने व्यक्तिको **रु २ लाखसम्मको दुर्घटना वीमा** बैंकले गरिदिने व्यवस्था मिलाईएको छ । साथै विपन्न वर्गलाई संस्थागत रुपमा सहयोग पुरयाउन एक छुट्टै लघु वित्त विकास बैंकको पहल आरम्भ गरिने छ ।

**८) संस्थागत सुशासन एवं ग्राहकसेवा** :

सर्वसाधारण तथा सेवाग्राहीलाई संस्थागत सुशासनको प्रत्याभूति दिलाउन बैकले प्रदान गर्ने सेवा ,लाग्ने शुल्क र अवधि समावेश गरिएको नागरिक वडापत्र बैंकका हरेक शाखा कार्यालयमा राखिएको छ । ग्राहक तथा सरोकारवालाको गुनासो तथा सुझाव सुनुवाई ,संकलनगरी आवश्यक कार्यान्वयन निम्ति केन्द्रीय कार्यालयमा संचालक स्तरीय गुनासो सुनुवाई इकाईको व्यवस्था गरिएको छ । बैंकले प्रदान गर्ने सेवा सम्वन्धमा कुनै गुनासो वा सुझाव भएमा वैंकको इमेल gunaso@rbb.com.np वा टोल फि नम्बर १६००१३२०२२ मा कुनै पनि समयमा सम्पर्क गर्न सकिने छ । यस्तो गुनासो इकाई क्षेत्रीय तथा शाखा कार्यालय तहसम्म विस्तार गरिने छ ।

**९) वित्तिय साक्षरता कार्यक्रम :**

बैंकले देशमा वित्तिय साक्षरता फैलाउने अभियान आरम्भ गर्ने छ । **बैंकले पहिलो चरणमा धनुषा, कास्की र नवलपरासीमा वित्तिय साक्षरता कार्यक्रम संचालन गर्ने छ** र क्रमश: अन्य जिल्लामा विस्तार गरिने छ ।

यसै सिलसिलामा बैंकले **सुखको बाटो नामक लघु उपन्यास र वित्तिय साक्षरता सम्वन्धी प्रशिक्षण पुस्तिका प्रकाशन** गर्नुका साथै वित्तिय चेतना फैलाउने सुचना विज्ञापन उत्पादन गरी प्रकाशन प्रसारण गर्ने छ ।

१०) **संस्थागत सामाजिक उत्तरदायित्व** सम्बन्धी कार्यक्रम

यस कार्यक्रमअन्तर्गत बैंकले मृगौला रोगसम्बन्धी जनचेतना कार्यक्रमका लागि **रु १० लाखको कोष व्यवस्था गर्नुका** साथै निसहाय तथा अति विपन्न वर्गका विरामीहरुलाई स्वर्ण जयन्ती वर्षभर रक्त संचार केन्द्र मार्फत रु १३ लाख बरावरको **रगत निशुल्क** रुपमा उपलव्ध गराईने छ । ७० वर्ष पुगेका जेष्ठ नागरिकले यस बैंकमा खोल्ने बचत खातामा प्रचलित व्याजदरभन्दा **०.५ प्रतिशत बढी** व्याजदर प्रदान गरिने छ । एकल महिलाले खोल्ने वचत खातामा प्रचलित व्याजदरभन्दा ०.५ प्रतिशत बढीले व्याजदर र **रु १ लाखसम्मको दुर्घटना वीमा** गरिने छ । अल्पसख्यक तथा लोपोन्मूख जातिका विधार्थीलाई प्रमाणापत्र तह र स्नातकतह अध्ययनको लागि प्रति विधार्थी मासिक रु ५ हजारका दरले दश जनालाई छात्रवृति प्रदान गर्ने तथा यसको प्रभावकारी कार्यान्वयनको लागि विधार्थी सहायता कोष खडा गर्नेछ ।यसैगरि वातावरणीय कार्यक्रम अन्तर्गत विभिन्न स्थानहरुमा बगैचा पार्क निर्माण गर्नुका साथै Go green ( हरियाली प्रवर्ध्दन) कार्यक्रम प्रभावकारी रुपमा अघि बढाईने छ ।

११) **सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कर्मचारी र पत्रकारः** उपर्युक्त कार्यक्रमलाई प्रभावकारीरुपमा कायान्वयन गर्न जनशक्तिको साथै राज्यको चौथो अंगको रुपमा रहेको पत्रकार जगतको अहंम भूमिकालाई दृष्टिगत गरी निम्नानुसारको कार्यक्रम गरिने छः

**क. जनशक्तिको परिचालन तथा प्रोत्साहनः** बैंकको महत्वपूर्ण सम्पत्तिको रुपमा रहेका कर्मचारी नै सेवा प्रवाहका माध्यम रहेकोले उनीहरुको कार्यकुशलता अभिवृद्धि निम्ति सांगठनिक तथा व्यवस्थापकीय विषयवस्तु अध्ययनका लागि विदेशमा अवलोकन भ्रमणको अवसर प्रदान गरिने छ । यस्तो भ्रमणको अवसर कार्यसम्पादन, योग्यता र अनुभवको आधारमा अधिकृतस्तरलाई ५ वर्षभित्र र सहायक स्तरलाई ७ वर्षभित्र अवसर प्रदान गर्ने नीति लिइने छ भने उच्च स्तरीय अधिकृतहरुलाई पनि अवलोकन) Exposure visit तथा सेमिनारमा निश्चित समयभित्र उपलब्ध गराइने व्यवस्था गरिने छ । साथै बैकिंग कारोवारका आपसी अनुभवहरु विनिमय गर्न प्रतिष्ठित बैंकहरुसंग कर्मचारी विनिमय कार्यक्रम संचालन गरिने छ । साथै स्वर्ण जयन्तीको अवसरमा सबै कर्मचारीलाइ उत्प्रेरित गर्न विभिन्न प्याकेजहरु तयार गरिनेछ ।

**ख. पत्रकार जगतलाई विशेष प्राथमिकताः** नेपालको वित्तिय क्षेत्र र समग्र अर्थतन्त्रको समुचित विकासका लागि राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रले पुरयाउदैंआएको योगदान आफैमा स्तूत्य रहेको छ, पत्रकार महानुभावको योगदानलाई राष्ट्रिय वाणिज्य बैंकले अत्यन्त आदरभावले हेर्दैआएको छ । यस परिप्रेक्ष्यमा अर्थ र वित्त क्षेत्रको विकास तथा प्रवर्ध्दनमा सहयोग पुरयाउने पत्रकारको सम्मानस्वरुप बैंकद्वारा **राष्ट्रिय वाणिज्य बैंकसंग पत्रकार पुरष्कार** स्थापना गरिएको छ । रु ५००००। (पचास हजार ) राशीको यो पुरष्कार आगामी वर्षदेखि हरेक वर्ष वैक दिवसमा वितरण गरिने छ ।

स्वर्ण जयन्तीको संघारमा राष्ट्रिय वाणिज्य बैंक सम्वध्द सरोकारवाला र तमाम शुभेच्छुकहरुप्रति हार्दिक आभार प्रकट गर्दछ । आगामी दिनमा ग्राहकमुखी ,व्यावसायिक ,प्रतिष्पर्धी ,ग्रामीण अर्थतन्त्रमुखी सवल बैंकको रुपमा सर्वसाधारण नेपाली जनतालाई दिगो ,विश्वसनीय र आधुनिक बैकिंग सेवा दिने दिशामा दृढ संकल्प दोहराउदैं बैंकको आगामी शतकौं लामो यात्रामा सम्वध्द सबै पक्षबाट न्यानो संरक्षण ,सहयोग,सद्भाव र मार्गनिर्देशनको अपेक्षा गरिन्छ ।

धन्यवाद

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय
सिंहदरवार प्लाजा,काठमाडौं

मिति ०७१।९।२०

## कार्यक्रम तालिका

**पत्रकार दर्ता ४.३० देखि ४.४५**

**आसन ग्रहण ४.४५ बजे**

**राष्ट्रिय गान : ४.५०**
**स्वागत मन्तव्य तथा प्रस्तुतीकरण : कृष्ण प्रसाद शर्मा,**
**प्रमुख कार्यकारी अधिकृत, रावावैंक**

**विशेष मन्तव्य : डा रेवत व. कार्की ,**
**अध्यक्ष ,रावावैंक संचालक समिति**

**फलोर ओपन :**

**धन्यवाद ज्ञापन : नामप्र सुरेन्द्र कुमार वजिमयो**

**रात्री भोज : ६.०० बजे**

कार्यकम संचालन : मुकुन्द अर्याल, वरिष्ट प्रवन्धक ( जन सम्पर्क अधिकृत ) रावावैंक